कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४

चलानी नं. ८६

मितिः २०८३/०६/२०

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

कृषि ज्ञान केन्द्र, उदयपुरको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८"र कृषि प्रसार कार्यक्रम संचालन ( चौथो संसोधन) नमर्स २०८३ बमोजिमका शर्तहरु पालना गरी तपसिलका कार्यक्रम सञ्चालन गर्न इच्छुक उदयपुर जिल्ला भित्रका कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८३/०७/१८ गते भित्र) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजातहरूका साथ यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, रित नपुगेका र म्याद नाघी आएका आवेदनहरु दर्ता गरिने छैन । आवेदनका लागि आवश्यक कागजात र फारमहरु कृषि ज्ञान केन्द्र, उदयपुरको आधिकारिक वेबसाइट https://udayapur.akc.gov.np/बाट डाउनलोड गर्न सकिनेछ ।

**तपसिलः**

| क.स. | कार्यक्रमको नाम | बजेट (रु लाखमा) | साझेदारी प्रतिशत (%) | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारले ध्यान दिनुपर्ने कुराहरू |
|---|---|---|---|---|
| १. | कफि खेती प्रवर्द्धन कार्यक्रम | ६ | अधिकतम ७५% | त्रियुगा न.पा. र रौतमाई गा.पा. क्षेत्र भित्रका कृषक /कृषक समुह/ कृषि सहकारी/ कृषि निजि फर्महरु |
| २. | लसुन खेती प्रवर्द्धन कार्यक्रम | ५ | अधिकतम ७५% | चौदण्डीगढी न.पा. क्षेत्र भित्रका कृषक / कृषक समुह/ कृषि सहकारी/ कृषि निजि फर्महरु |
| ३. | प्याज खेती प्रवर्द्धन कार्यक्रम | ५ | अधिकतम ७५% | बेलका र चौदण्डीगढी न.पा. क्षेत्र भित्रका कृषक / कृषक समुह/ कृषि सहकारी/ कृषि निजि फर्महरु |
| ४. | वेसार खेती प्रवर्द्धन कार्यक्रम | ५ | अधिकतम ७५% | बेलका र चौदण्डीगढी न.पा. क्षेत्र भित्रका कृषक / कृषक समुह/ कृषि सहकारी/ कृषि निजि फर्महरु |
| ५ | सुन्तलाजात बगैचा व्यवस्थापन एवं सुदृढिकरण कार्यक्रम | ६ | अधिकतम ७५% | रौतामाई,लिमचुङ्गवुङ्ग,ताप्ली.उदयपुरगढी गा.पा. र कटारी नपा |

योगेन्द्र प्रसाद यादव

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, उदयपुर**
कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

- तोकिएको ढाँचा बमोजिमको आवेदन र प्रस्तावना ।
- संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु २००/- भने व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१११०११ मा आवेदन दस्तुर वापत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
- सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि साथै सूचना प्रकाशन हुनु भन्दा पहिले दर्ता भएको हुनु पर्ने ।
- समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व. २०८२/८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।
- कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने जग्गाधनीपुर्जा र जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी पत्र वा भाडाको जग्गामा खेती भएमा १० वर्षको कानुन बमोजिमको सम्झौतानामा ।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिलाई अख्तियारी दिएको निर्णय ।
- आवेदकले दोहोरो पर्ने गरी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र र विगत ३ आर्थिक वर्षमा विभिन्न निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट रु पाँच लाख वा सो भन्दा बढी अनुदान नलिएको हुनुपर्ने ।
- प्राविधिक ज्ञान तथा अनुभव भएमा त्यसको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यक्रम अनुसार माग गरिएका आवश्यक कागजातहरु पुर्ण नभएमा "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८" बमोजिम प्रस्ताव स्वतः रद्द हुनेछ ।

नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढाँचा र सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी कृषि प्रसार कार्यक्रम नर्मस र मापदण्ड कृषि ज्ञान केन्द्र, उदयपुरको वेबसाइट बाट प्राप्त गर्न सक्नुहुनेछ साथै, कार्यक्रम बारे थप जानकारीका लागि कार्यालयको सम्पर्क नं ०३५-४२२१३०/९८५२८३५०६७/९८५२८२९१३० मा सम्पर्क गर्नु सक्नुहुनेछ ।

**फोन नं.: ०३५-४२२१३०** **ईमेलः**akcudayapur@gmail.com
**वेबसाईटः** https://udayapur.akc.gov.np

योगेन्द्र प्रसाद यादव